# हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२३।१।६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "हात्तीसार" भन्नाले हात्तीहरूको व्यवस्था गर्ने नेपाल सरकारले खडा गरेको हात्तीसार अड्डा सम्झनु पर्छ ।

(ख) "हाकिम" भन्नाले हात्तीसार अड्डाहरूमा रहेका मुख्य अधिकृत सम्झनु पर्छ।

३. **हाकिमको कर्तव्यः** हाकिमको कर्तव्यहरू देहाय बमोजिमका हुनेछन्ः-

(१) हात्तीसारलाई हात्तीको स्वास्थ्य अनुकूलको ठाउँमा स्थापित गर्न नेपाल सरकारमा सिफारिस पेश गर्ने,

(२) हात्तीको स्वास्थ्य र सुव्यवस्था गर्दा हात्तीको नुहाउने, निन्द्रा समय र घाँस दाना आदिको पूर्ण जिम्मेवारीसाथ प्रबन्ध गर्ने,

(३) हात्तीको स्वस्थ्यलाई हानी नपुग्ने गरी हात्तीहरूको प्रयोगको उचित व्यवस्था गर्ने,

(४) अन्य आवश्यक काम कुरा जस्तै घाँस र फोहर मैला फयाँक्ने व्यवस्था मिलाउने ।

४. **हात्तीको प्रयोगमा शर्त बन्देजः** (१) वन सेवामा रहेका कर्मचारीहरूले आफ्नो कर्तव्यको पालन गर्ने सिलसिलामा बाहेक अन्य सरकारी वा गैर सरकारी व्यक्तिहरूले नेपाल सरकारबाट तोकिएको दरले भाडा तिरेर मात्र हात्तीको प्रयोग गर्न पाउने छन् ।

(२) हात्तीले हात्तीसार छोडेको दिनदेखि हात्तीसार फिर्ता पुगेको दिनसम्मको हिसाब गरी भाडा असुल उपर गरिनेछ ।

(३) हात्तीको प्रयोग गर्न निमित्त सम्बन्धित इलाकाको कन्जरभेटर कार्यालयमा वा सम्बन्धित हात्तीसारमा रु. १।- एकको टिकट टाँसी दरखास्त दिनु पर्दछ र कन्जरभेटरले वा हाकिमले हात्तीलाई फुर्सद भै प्रयोग गर्न दिन मनासिब ठानेमा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(४) आवश्यक परेमा नेपाल सरकारले विना भाडामा पनि हात्ती दिन सक्नेछ । तर राजनैतिक काम र बोझ बोक्ने कामको लागि हात्तीहरू दिइने छैन ।

५. **हात्ती मरेमा गर्नेः** (१) कुनै हात्ती केही कारणले मर्न गएमा सम्बन्धित इलाकाको कन्जरभेटरले आवश्यक जाँच पडताल गरी वा गर्न लगाई हात्तीको अन्त्येष्टी कर्म गर्न आदेश दिनेछ ।

(२) कन्जरभेटरले आफ्नो जाँच पडतालको प्रतिवेदनमा हात्ती मर्नाको सबै कारण राम्रोसँग खुलाई चीफ कन्जरभेटर कार्यालयमा चाँडो पठाउनु पर्दछ । प्रतिवेदन साथ त्यस्तो हात्तीको हस्तिहाड, दाँत र गजमोती भए सो समेत चलानी गरी पठाउनु पर्दछ ।

६. **चीफ कन्जरभेटरको अधिकारः** चीफ कन्जरभेटरले हात्तीको सुव्यवस्थाको लागि आवश्यक ठानेको आदेश वा निर्देश कन्जरभेटरहरू वा हाकिमलाई दिन सक्नेछ ।।

---

द्रष्टव्यः (१) केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरुः-
"अफिसर" "अफिस" र "रिपोर्ट" को सट्टा "अधिकृत" "कार्यालय" र "प्रतिवेदन" ।

(२) नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।